# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७७/०७८ प्रदेश नं. १, नेपाल

## चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालयद्धारा जारी अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति : २०७८/०२/०५)**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (New Corona Virus Variant) को प्रकोपको प्रभावको असर यस चिशंखुगढी गाउँपालिकामा निरन्तर रुपमा देखा परिरहेको व्यहोरा अवगत गराईन्छ। मिति २०७८/०२/०३ गते दोस्रोपटक गाउँ कार्यपालिकाको कार्यालय एवं सम्भावित गाउँपालिकाका क्षेत्रहरु वडा नं. ०२ पोखरे, वडा नं. ०५ सेर्ना, र वडा नं. ०७ मामखामा कोरोना भाइरस सम्बन्धी गरिएको नमूना परीक्षणमा गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका तथा कुमारी बैंक सेर्ना शाखामा कार्यरत कर्मचारी एवं वडा नं. ०५ सेर्नाका नागरिकहरु समेत ६ (छ) जना, वडा नं. ०२ पोखरेमा २ (दुई) जना र वडा नं. ०७ माम्खामा १४ (चौध) जना अर्थात जम्मा २२ (बाईस) जनाको कोरोना भाइरस पोजेटिभ रिपोर्ट प्राप्त भएको एवं चिशंखुगढी गाउँपालिकामा हाल सम्म कुल ३४ (चौंतीस) जनामा भाइरसको संक्रमण देखिएकोले विद्यमान प्रतिकूल चुनौतीपूर्ण भयावह परिस्थितिमा कोरोना भाइरस समुदाय स्तरमा नै फैलिरहेको अवस्थामा सम्भावित जोखिम, असर तथा प्रभावलाई मध्यनजर गर्दै उक्त जोखिमको न्यूनीकरण तथा रोकथाम गर्न मिति २०७८/०२/०२ को गाउँ कार्यपालिका कार्यालयको निर्णयानुसार वडा नं. ०५, सेर्नालाई खतरायुक्त क्षेत्रमा (Red Zone) राखी साविक सेर्ना गा.वि.स. को वडा नं. ०२, ०३, ०७ र ०८ तथा गाउँ कार्यपालिकाको कार्यालयलाई शिल्ड गरी गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह गरिने सम्पूर्ण सेवाहरु अर्को सूचना जारी नभए सम्मका लागि स्थगन गरिएकोमा उक्त कार्यलाई निरन्तरता दिंदै मिति २०७८/०२/०५ को गाउँ कार्यपालिका कार्यालयको निर्णयानुसार वडा नं. ०२ (पोखरे) र वडा नं. ०७ (माम्खा) लाई समेत खतरायुक्त क्षेत्र (Red Zone) मा राखी साविक माम्खा गा.वि.स.को वडा नं. ०७ मा पर्ने ठाडा खोला भन्दा माथिको क्षेत्र तथा साविक वडा नं. ०८ माम्खाको सम्पूर्ण क्षेत्रमा कोरोनाको संक्रमण अत्याधिक देखिएको हुँदा सो क्षेत्रलाई शिल्ड गरी न्यूनतम रुपमा आवश्यक पर्ने स्वास्थ्य सामाग्रीहरु सहित स्वास्थ्यकर्मीहरु परिचालन गरिएको छ।

२०७८/०२/०५

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत